# व्यवसायिक माछापालन तालिम




## निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड
## चौलिखा, सर्लाही

२०-२२ जेठ २०७९

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड, शाखा कार्यालय चौलिखा, सर्लाहीले ४० जना ग्राहक सदस्यहरूको सहभागितामा २०७९ जेष्ठ २० गतेदेखि २२ गते सम्म चौलिखामा **"व्यवसायिक माछापालन तालिम"** सम्पन्न गरेको छ । ईश्वरपुर न.पा. का नव निर्वाचित उपमेयर, श्री रंजिता चौधरीको प्रमुख आतिथ्यता तथा निर्धन क्षेत्रीय कार्यालय बर्दिवासका क्षेत्रीय प्रमुख, श्री परमेश्वर चौधरी, ईश्वरपुर न.पा. वडा नं. १का वडा सदस्य, श्री रघुवर राउत र आधारभुत विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, श्री अनुप चौधरीको आतिथ्यतामा कार्यक्रम शुभारम्भ गरिएको थियो । उक्त तालिमलाई ईश्वरपुर न.पा.पशु सेवा केन्द्रका अधिकृत श्री शिकारी साह र श्री प्रदिपकुमार कार्किले प्रशिक्षण दिनुभएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि, उपमेयर रंजिता चौधरीले संस्थाले लघुवित्त सेवाको साथ साथै सदस्यहरूलाई सिप तथा उद्यमशीलता विकास तालिम दिई व्यवसायी बनाई रोजगारी र आय आर्जनमा बृद्धि गर्न सहयोग पुऱ्याएकोमा खुशि व्यक्त गर्नु भएको थियो । ईश्वरपुर नगरपालिकाका वडा नं. १ सदस्य, रघुवर राउतले यस क्षेत्रमा माछापालन व्यवसाय गर्ने धेरै व्यवसायी रहेकोमा, पुरानो प्रविधिबाट व्यवसाय संचालन गर्दै आईरहेको हुनाले उत्पादन र आम्दानी सोचे अनुरुप लिन नसकेको अवस्थामा यस तालिमले कृषकलाई आधुनिक ज्ञान सिप प्रदान गर्न महत्वपुर्ण भुमिका निर्वाह गरेको बताउनु भएको थियो । क्षेत्रीय प्रमुख, परमेश्वर चौधरीले परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरी रहेको, संस्थाले साढे दुई दशक देखि निरन्तर लघुवित्त सेवा दिईरहेको र संस्थाबाट कर्जा लिई व्यवसाय गरी लघुउद्यमीबाट साना उद्यमीमा रूपान्तरण भएको बताउनु भएको थियो । उहाँले संस्थाले प्रदान गर्ने कर्जा, बचत, बीमा, रेमिटेन्स लगायत सामाजिक उत्तरदायित्व अन्तर्गतका सेवा सुविधाको बारेमा पनि जानकारी गराउनु भएको थियो ।

तालिममा माछापालन व्यवसाय एक परिचय, माछापालनको आवश्यकता, महत्व र वर्तमान स्थिति, माछाका बिभिन्न जातहरू, पोखरी निर्माणका चरण, माछापालनको लागि पोखरीको वातावरण व्यवस्थापन, आहारको व्यवस्थापन तथा घरैमा वा स्थानिय स्तरमा पाईने विभिन्न किसिमका स्रोत साधन बाट माछाको दाना बनाउने जानकारी, माछापालनमा पानीको व्यवस्थापन, पानीमा क्षारीय अम्लियपना हुँदा माछामा पर्ने प्रभाव, माछामा लाग्ने रोग र निवारणका उपाय, माछाका प्रमुख प्रतिपक्षी जीवहरु र तिनको नियन्त्रण, स्थानीय माछापालनको महत्व, कमि, कमजोरी, संरक्षण तथा विकास र बजार व्यवस्थापन सम्बन्धमा प्रशिक्षकरूले सहजिकरण गरेका थिए ।

तालिमको अन्त्यमा सहभागी श्री अशोक कुमार कर्णले मन्तब्य राखेका थिए । सहभागीहरूले व्यवसायिक रूपमा माछापालन गरी आम्दानी वृद्धि गर्न तालिमले हौसला प्रदान गरेको र तालिममा सिकेका विषयहरूलाई व्यवसायमा प्रयोग गरी व्यवस्थित र आधुनिक तरिकाले व्यवसाय सञ्चालन गर्ने प्रतिवद्धता जनाएका थिए ।

संस्थाको चौलिखाका शाखा प्रमुख, श्री रामशंकर कहारले तीन दिने व्यवसायिक माछापालन तालिमको संयोजनका साथै सहभागीहरू सबैको स्वागत गर्नु भएको थियो ।